USAID
अमेरिकी जनताबाट

# कृषिवन भनेको के हो ?

- नेपालमा कृषिवन प्रणाली दिगो कृषि विकासका लागि मानब सभ्यताको शुरूदेखि नै अपनाउँदै आइएको छ ।
- यसको उदाहरणः खेतबारीको डिल, कान्ला, छेउ, कुना र खरबारीमा डालेघाँस र अन्य जातका रूख विरूवा हुर्काई डालेघाँस, दाउरा, काठ आदि एकमुष्ट रूपमा उपभोग गर्नु हो ।
- कृषिवन भनेको एउटै जग्गामा कृषिबाली र वनबाली सँगसँगै खेती गर्ने प्रविधि हो ।
- एउटा जमिनबाट एकै समयमा वनबाली (डालेघाँस, दाउरा, काठ, पतकर, सोतर, जडिबुटी) र कृषिबाली (पशु, अन्नबाली, तरकारी, फलफूल, भूइँघाँस, डालेघाँस) लिने तरिकालाई कृषिवन भनिन्छ ।






यो पोस्टर/पर्चा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस पोस्टर/पर्चा भित्रका विषयवस्तु र सामग्री तयार नेपालका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।

USAID
अमेरिकी जनताबाट

# कृषिवन प्रणालीबाट हुने फाइदाहरु

- बालीको विविधता बढ्दछ र साथसाथै दाउरा र घाँसको आपूर्ति पनि हुन्छ ।
- कृषिबालीको अतिरिक्त डालेघाँस, फलफूल, काठ दाउरा, जडीबुटीको उत्पादन लिन सकिन्छ, जसले दैनिक जीविकोपार्जनमा सहयोग गर्नुका साथै आयआर्जनमा पनि बृद्धि हुन्छ ।
- वनमा काठ, दाउरा र घाँसका लागि कम चाप पर्दछ, जसले गर्दा वनको दिगो व्यवस्थापन गर्न सकिन्छ ।
- पोसिला डालेघाँसहरू उत्पादन हुने हुँदा पशुपालन कार्य सजिलो हुन्छ र पशुपालनबाट बढी आयआर्जन गर्न सकिन्छ ।
- कृषिवन प्रणालीले भू-क्षय कम गर्न मद्दत गर्दछ, जसले गर्दा कृषि योग्य जमिनको माटोको संरक्षण हुन्छ ।




श्रोत: https://www.circularcoffeefund.com/

- रूखका पातहरू झरेर कुहिए पछि माटोमा प्राङ्गरिक पदार्थको बृद्धि हुन्छ र माटोको उर्बराशक्ति बढाउँछ ।
- रूखहरूले माटोलाई सुर्यको ताप, हावाहुरी र भारी बर्षाबाट जोगाउँदछ र कृषिमा जलवायु अनुकुलनका लागि मद्दत हुन्छ ।
- रूखहरूले र कृषिवन प्रणालीको माटोले कार्बन सञ्चितिमा सहयोग गर्दछ र जलवायुको प्रभाव न्यूनिकरणमा मद्दत गर्दछ ।

यो पोस्टर/पर्चा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस पोस्टर/पर्चा भित्रका विषयवस्तु र सामग्री तयार नेपालका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिबिम्बित गर्दैन् भन्ने जरूरी छैन ।

# कृषिवन प्रणालीका प्रकारहरू

## क) कृषि र रुखबाली प्रणाली (Agro-Silviculture System)

- पहाडी भेगमा खेतबारीका डिल कान्लामा रूखहरू लगाई गह्रामा अन्नबाली, तरकारीबाली, फलफूल खेती आदि लिने कृषिवनको तरीकालाई कृषि र रूखबाली प्रणाली भनिन्छ ।
- त्यसैगरी तराईमा निश्चित ड्याङहरूमा रूख प्रजाति र बिचको भागमा र बिचमा कृषिबाली लगाईन्छ ।
- कृषि र रूखबालीको उदाहरणका लागि खेतबारीको वरपर बारको रूपमा लगाइएका रूखहरूलाई पनि लिन सकिन्छ ।
- त्यस्तै, करेसाबारीमा रूख लगाई तरकारी र फलफूल खेती लगाउने अभ्यासलाई पनि कृषि र रूखबाली प्रणाली भनिन्छ ।





यो पोस्टर/पर्चा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस पोस्टर/पर्चा भित्रका विषयवस्तु र सामग्री तयार नेपालका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिबिम्बित गर्छन् भन्ने जरुरी छैन ।

USAID
अमेरिकी जनताबाट

# कृषिवन प्रणालीका प्रकारहरू

## ख) रुख र घाँसेबाली प्रणाली (Silvo – Pastural System)

- रूख र घाँसबाली वा पशु चरिचरन एउटै जमिनबाट लिने पद्धतिलाई रूख र घाँसेबाली प्रणाली भनिन्छ (उदाहरणः खरबारी) ।
- प्राय गरेर खरबारीको रूख मूनिको घाँस काटेर गाईवस्तुलाई खुवाइन्छ वा कहिलेकाँही त्यस्ता जमिनमा गाईवस्तु पनि चराइन्छ ।
- प्रायः गरी खरबारीमा भूईघाँसको साथै काठ, दाउरा तथा डाले घाँस उत्पादन गर्ने खालका रूख विरूवा बढी देखिन्छ ।






यो पोस्टर/पर्चा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस पोस्टर/पर्चा भित्रका विषयवस्तु र सामग्री तयार नेपालका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन ।

USAID
अमेरिकी जनताबाट

# कृषिवन प्रणालीका प्रकारहरू

## ग) कृषि, रुख र घाँसेबाली प्रणाल (Agro-Silvo-Pastural System)

- कृषकको खेतबारीको डिलमा रूख, गह्रामा अन्नबाली र कान्लामा घाँसेबाली उत्पादन गरिन्छ ।
- यसरी एउटै जमिनको टुक्राबाट रूख, कृषिबाली र घाँसेबाली लिने वा चरिचरन गराउने पद्धतिलाई कृषि, रूख र घाँसेबाली प्रणाली भनिन्छ ।
- यो प्रविधिबाट माटोको संरक्षण र उर्वरापन बढाउन सकिन्छ । यसबाट भू-क्षय नियन्त्रणमा समेत पुग्दछ ।





यो पोस्टर/पर्चा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस पोस्टर/पर्चा भित्रका विषयवस्तु र सामग्री तयार नेपालका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिबिम्बित गर्छन् भन्ने जरूरी छैन ।

USAID
अमेरिकी जनताबाट

# कृषिवन प्रणालीका प्रकारहरू

## घ) रूख, कृषि र माछा पालन प्रणाली (Agro-Silvo-Fishery System)

- खासगरी तराइ भेगमा फलफुल, रूख र माछा पालनको समिश्रण खेती पनि गरिन्छ, जसलाई रूख, कृषि र माछा पालन प्रणाली कृषिवन भनिन्छ ।
- यस प्रणालीमा पोखरीमा माछा पालन गरिन्छ भने पोखरीको डिलमा बहुतले खेती जसमा माथिल्लो तहमा अग्ला रूख, बिचको तहमा फलफुल (केरा, मेवा, आँप, आदि) र जमिनमा घाँस वा मसलाबाली (बेसार, अदुवा, आदि) लगाइन्छ ।
- यस प्रणालीबाट माछाका साथै फलफुल, काठ दाउरा र घाँस पनि उत्पादन गर्न सकिन्छ ।






यो पोस्टर/पर्चा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस पोस्टर/पर्चा भित्रका विषयवस्तु र सामग्री तयार नेपालका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।

USAID
अमेरिकी जनताबाट

# कृषिवन प्रणालीका प्रकारहरू

## ङ) टाँगिया खेती प्रणाली

- टाँगिया खेती प्रणाली पनि एक कृषिवन प्रणाली हो जसमा खासगरी सरकारी वा सार्वजनिक जग्गामा बृक्षारोपण (लाइनमा) गरी बीच बीचमा घुसुवाबाली (अन्नबाली, फलफुल वा तरकारी) लगाइन्छ ।
- यसबाट जग्गाको अतिक्रमण रोकथाम र वृक्षारोपण संरक्षण हुनुका साथै अन्नबाली वा तरकारी उत्पादनबाट फाइदा लिन सकिन्छ ।
- उदाहरणको रूपमा सामुदायिक वन भित्र तरकारी, अदुवा, बेसार जस्ता बालीहरू लगाउने प्रक्रिया यस प्रणाली अन्तर्गत पर्दछ ।





यो पोस्टर/पर्चा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस पोस्टर/पर्चा भित्रका विषयवस्तु र सामग्री तयार नेपालका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिबिम्बित गर्छन् भन्ने जरूरी छैन ।

USAID
अमेरिकी जनताबाट

# कृषिवन लगाउँदा ध्यान दिनुपर्ने कुराहरु

- रूखहरूलाई खेतबारीको डिलमा र कान्लामा अनि खेतबारीमा जाने बाटोको दुबैतर्फ लगाउन सकिन्छ । अर्थात, यसलाई खेतबारीको स्वरूप अनुसार निर्धारण गरिनु पर्दछ ।
- यसका लागि छानिने रूख तथा झाडीजन्य प्रजातिहरू सकेसम्म साना पात हुने खालका भएमा अन्न बालीलाई कम छायाँ पर्दछ ।
- बहुउद्देश्यिय रूखका प्रजातिहरू, जस्तै एउटै प्रजातिले सकेसम्म धेरै फाइदा दिने खालका प्रजातिहरूलाई छनौट गर्नु पर्दछ ।
- पोसिला डालेघाँसहरू पशुपालनका लागि उपयुक्त हुने हुँदा त्यस्ता डालेघाँसहरू रोप्नुपर्दछ ।
- नाइट्रोजन स्थिर गर्ने रूख तथा डालेघाँसहरूको छनौट गर्नु पर्दछ ।
- रूख विरूवाहरूको नियमित काटछाँट गर्नु पर्दछ जसले गर्दा मुख्य बालीलाई पर्याप्त मात्रामा प्रकाशको पहुँच पुग्नेछ ।
- बालीहरू बीचको प्रतिस्पर्धा कम हुने हिसाबले प्रजातिहरूको छनौट गर्नु पर्दछ ।
- सकेसम्म बहुतले बाली लगाउँदा बढी प्रतिफल लिन सकिन्छ ।



यो पोस्टर/पर्चा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस पोस्टर/पर्चा भित्रका विषयवस्तु र सामग्री तयार नेपालका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन ।